# बैठक संख्या - ९

## मिति २०८२/०९/२७ गतेको गाउँकार्यपालिका नवौं बैठकका प्रस्तावहरु

८. गाउँकार्यपालिकाको अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।
९. सार्वजनिक विदा दिने सम्बन्धमा ।
१०. "विज्ञापन व्यवस्थापन तथा नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८२" सम्बन्धमा ।
११. कर्मचारी प्रोत्साहन सम्बन्धी कार्यविधि तयार गर्ने सम्बन्धमा ।
१२. शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा ।
१३. विविध सम्बन्धमा।
   क) राप्ती नदी तटबन्धन निर्माण कार्यका लागि ढुङ्गा उपलब्ध गराउने सम्बन्धमा ।
   ख) वडा सचिवहरुलाई प्रोत्साहन सुविधा उपलब्ध गराउने सम्बन्धमा ।

### निर्णय नम्बर १

यस गढवा गाउँपालिकाको मिति २०८२/०९/२० गते बसेको गाउँ कार्यपालिकाको बैठकमा पेश भएका सम्पूर्ण निर्णयहरु र ती निर्णयहरुको सफल कार्यान्वयनको क्रममा आएका समस्या, चुनौती तथा उपलब्धी सम्बन्धमा छलफल सहित समिक्षा गरियो ।

### निर्णय नम्बर २

थारु जातीको नयाँ बर्ष एवं विभिन्न जातजाती तथा हिन्दु धर्मावलम्बीहरुको विशेष चाडको रुपमा रहेको माघी पर्वको उपलक्ष्यमा मिति २०८१/०९/३० गतेका दिन गढवा गाउँपालिका भर सार्वजनिक विदा दिने निर्णय गरियो ।

### निर्णय नम्बर ३

यस गढवा गाउँपालिकाको गाउँसभाको १८ औं अधिवेशनमा गढवा गाउँपालिकाको विज्ञापन (व्यवस्थापन तथा नियमन) विधेयक, २०८२ सम्बन्धमा गाउँकार्यपालिकाको बैठकमा छलफल गरियो र स्वीकृतीको लागि गाउँसभामा प्रस्तावको रुपमा पेश गर्ने निर्णय गरियो ।

### निर्णय नम्बर ४

गढवा गाउँपालिकाका कर्मचारीहरुको प्रोत्साहन सम्बन्धी कानूनको आवश्यकता भएकोले सो को मस्यौदा तयार गर्ने निर्णय गरियो ।

यम नारायण शर्मा पोखेल
अध्यक्ष

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

कृष्ण प्रसाद पौड्याल
प्रमुख प्रशासकीय अधिकृत

## निर्णय नम्बर ५

मिति २०८२/०९/१६ गते बसेको शिक्षा समितिको बैठकका तपशिल बमोजिमका निर्णयहरु अनुमोदनको लागि प्राप्त भएकोले तपशिल अनुसार गर्ने निर्णय गरियो ।

क) प्रस्तावः विद्यालय भौतिक पूर्वाधार निर्माणको लागि विद्यालय छनोट सम्बन्धमा ।

निर्णयः चालु आ.व.२०८२।०८३ को विद्यालय शिक्षा क्षेत्र योजना अन्तरगत स्वीकृत कार्यक्रम अनुसार यस कार्यालयलाई वित्तीय हस्तान्तरण भई आएको निर्मित गुरुयोजनाको आधारमा स्थानीय तहको साझेदारीमा विद्यालय भौतिक निर्माण अनुदान शीर्षकको ४ कोठे भवन निर्माण गर्न शिक्षा तथा मानव स्रोत विकास केन्द्र, योजना तथा अनुगमन शाखाको चं.न.१८४ मिति २०८२।०८।२२ गतेको प्राप्त पत्र र अनुसूची १ बमोजिम तोकिएको प्राथमिकीकरण र आवश्यकताका आधारमा यस पालिका अन्तरगत संचालित सामुदायिक विद्यालय श्री जनमुखी माध्यमिक विद्यालय रडसिडलाई छनोट गर्ने ।

ख) प्रस्तावः शिक्षण सिकाइ अनुदानमा कार्यरत शिक्षकहरुको पारिश्रमिक सम्बन्धमा ।

निर्णयः संघीय ससर्त अनुदान मार्फत वित्तीय हस्तान्तरण भई यस कार्यालयलाई प्राप्त क्रियाकलाप नं. २.७.१३.४० माध्यमिक तह कक्षा (९-१०) मा अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान शिर्षकमा प्राप्त बजेटबाट आधारभूत तहमा कार्यरत शिक्षकहरुका लागि दोस्रो त्रैमासिकबाट पारिश्रमिक अपुग हुने भएकाले तपसिलमा उल्लेखित विद्यालयमा शिक्षण सहयोग अनुदानमा कार्यरत अंग्रेजी, गणित र विज्ञान विषयका शिक्षहरुलाई गाउँपालिका स्वयम् सेवक शिक्षक बराबर पारिश्रमिक गा.पा.आन्तरिक श्रोतबाट व्यहोर्ने समितिमा निर्णय भएकोमा प्रस्तावको रुपमा गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

तपसिल

| क.सं. | विद्यालयको नाम | तह | विषय | कैफियत |
|---|---|---|---|---|
| १ | जनमुखी मा.वि.रडसिङ | आधारभूत | विज्ञान | |
| २ | जनता मा.वि.कालाकाटे | आधारभूत | अंग्रेजी | |
| ३ | मा.वि.पचहिया | आधारभूत | विज्ञान | |
| ४ | रात्री आ.वि.गोबरडिहा | आधारभूत | विज्ञान र अंग्रेजी | |
| ५ | मा.वि.चैनपुर | आधारभूत | विज्ञान | |
| ६ | आ.वि.ककहवा | आधारभूत | गणित | |
| ७ | दुर्गा आ.वि.मनिकापुर | आधारभूत | गणित | |
| ८ | महेन्द्र आ.वि.कोइलाबास | आधारभूत | अंग्रेजी | |

ग) प्रस्तावः विद्यालय छनोट सम्बन्धमा ।

निर्णयः संघीय ससर्त अनुदान मार्फत यस कार्यालयलाई शिक्षातर्फ वित्तीय हस्तान्तरण भई प्राप्त क्रियाकलाप नं.२.७.१३.१३ विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान शिर्षकको विद्यालयमा भर्चुअल शिक्षण, इलर्निङ, पुस्तकालय र विज्ञान प्रयोगशालाका लागि सामाग्री तथा उपकरण व्यवस्थापन र संचालन शिर्षकको जम्मा रु.१०,००,०००।-(दश लाख ) यस कार्यालयबाट प्रस्ताव पेश गर्नका लागि प्रकाशित सूचना बमोजिम निश्चित समयावधिभित्र प्रस्ताव पेश गरेका विद्यालयहरुमध्ये श्री आदर्श रात्री आधारभूत विद्यालय गोबरडिहालाई छनोट गरी उक्त अनुदान उपलब्ध गराउने ।

यम नारायण शर्मा पोखेल
अध्यक्ष

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

कृष्ण प्रसाद पौड्याल
प्रमुख प्रशासकीय अधिकृत

घ) प्रस्ताव: अक्षर सुधार कार्यक्रम संचालनका लागि विद्यालय छनोट सम्बन्धमा ।
निर्णयः यस पालिकाबाट आ.व.२०८२।०८३ का लागि शिक्षा तर्फ स्वीकृत वार्षिक कार्यक्रम अन्तरगत विद्यार्थीहरुका लागि अक्षर सुधार कार्यक्रम तपसिलका विद्यालयहरुमा संचालन गर्ने ।

तपसिल
१. श्री माध्यमिक विद्यालय गढवा-५ चैनपुर
२. श्री दिपेन्द्र होमजुन माध्यमिक विद्यालय गढवा-४ पर्सेनी
३. श्री माध्यमिक विद्यालय गढवा-२ पचहिया
४. श्री जनता माध्यमिक विद्यालय गढवा-१ कालाकाटे

ङ) प्रस्ताव: विपेश विद्यालय संचालन सम्बन्धमा ।
निर्णयः शैक्षिकसत्र २०८३ बाट विपेश विद्यालयको रुपमा श्री सर्वोदय प्राथमिक विद्यालय गढवामा संचालन गर्ने ।

च) प्रस्ताव: मनोविमर्श तालिम सम्बन्धमा ।
निर्णयः चालु आ.व.२०८२।०८३ का लागि पालिकास्तरको योजना तथा कार्यक्रम अन्तरगतको स्वीकृत वार्षिक कार्यक्रम एक माध्यमिक विद्यालय एक मनोविमर्षकर्ताका लागि मनोविमर्श तालिम शिर्षकबाट कार्यक्रम कार्यान्वयन गर्न यस पालिका अन्तरगत संचालित माध्यमिक विद्यालयहरुमा प्रति विद्यालय वार्षिक एकमुष्ठ रु.७५०००।- (पचहत्तर हजार) अनुदान निकासा दिने ।

## निर्णय नम्बर ६ : विविध विषय सम्बन्धमा ।

निर्णय नम्बर ६.१ : निर्माण व्यवसायी श्री कुमार नारायनम् जे भी, नेपालगञ्ज १८ बाँकेले मिति २०८२/०९/२५ एडिबी (ADB) परियोजना अन्तर्गत राप्ती नदीमा तटबन्ध निर्माण कार्य Extention of Flood Control Works at West Rapti River Basin (A), Contract Number: PRBFRP/Works/WR/CW-14A सम्झौता भएको, सम्झौता बमोजिम निर्माण कार्य गर्न ढुङ्गा अभाव भएकोले निर्माण कार्य सुचारु गर्न नसकेकोले ढुङ्गा उपलब्ध गराई दिनुहुन व्यहोराको पत्र प्राप्त भएको देखिन्छ । सो सम्बन्धमा तटबन्ध कार्य मानव सुरक्षाको विषयसँग जोडिने साथै उक्त आयोजना राष्ट्रिय गौरवको आयोजनासमेत भएको हुँदा प्रचलित कानूनको अधिनमा रही यस गढवा गाउँपालिका क्षेत्रभित्र नदीजन्य पदार्थ (ढुङ्गा) उत्खनन गर्न सकिने वा डम्पिङ गरी राखेका वा अन्य कुनै विधिबाट प्राप्त गरी ढुङ्गा उक्त आयोजना निर्माण कार्यको लागि उपलब्ध गराउन मिल्ने भए सो सम्बन्धमा स्थलगत नापजाच सहित अन्य आवश्यक प्रक्रिया पुरा गरी प्राविधिक प्रतिवेदन निर्णय भएको मितिले १ महिना भित्र पेश गर्न निर्देशन दिने निर्णय गरियो ।

निर्णय नम्बर ६.२ : वडा सचिवहरुलाई कामको चापको आधारमा अतिरिक्त समयमा काम गरेवापत प्रतिदिन रु.३०० सम्मको खाजा/खाना खर्च उपलब्ध गराउने निर्णय गरियो । तर अतिरिक्त समय (कार्यालय समय अघि वा पछि कार्यालय समय वाहेक कम्तिमा दुई घण्टा) को काम कार्यालय समयमा सम्पादन हुन नसक्ने व्यहोराको वडा कार्यालयको सिफारिसमा मात्र खाजा खर्च उपलब्ध गराइनेछ ।

गढवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गढवा, दाङ लुम्बिनी प्रदेश, नेपाल

यम नारायण शर्मा पोखेल
अध्यक्ष

निर्णय प्रमाणित गरियो ।

कृष्ण प्रसाद पौड्याल
प्रमुख प्रशासकीय अधिकृत